*Nakano*

2019.10

# अक्टोबर 2019 अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना आवेदन

कुनै व्यक्तिलाई दिशानिर्देश गर्न, अनुशासित तथा विश्व व्यापार समाजको लागि योग्य बनाउन, शिक्षक तथा लामो समयको अनुभवी व्यक्तित्वहरुद्वारा उत्कृष्ट प्रतिभाको पहिचान गरी विद्यार्थीहरुको उद्देश्य पूरा गर्नु नै नाकानो विद्यालयको प्रमूख धारणा रहेको छ ।

स्नातकपछि विद्यालयमा विभिन्न कम्पनीहरुको बारेमा ब्रीफिंगका साथै सहजिकरणको कार्यक्रम सञ्चालन गरि उचित परामर्श तथा रोजगारको अवसर पहिल्याउन पूर्ण रुपमा विद्यार्थीलाई सहयोग गरिनेछ । नाकानो विद्यालयका साथ आफ्नो भविष्य सुरक्षित गर्नुहोला ।

## 1. पाठ्यक्रमको रुपरेखा

| विभागको नाम | अध्ययन अवधि | स्नातकको शीर्षक |
|---|---|---|
| **प्रबन्धन व्यावसाय(म्यानेजमेन्ट बिजनेस)** | **2 वर्ष** | **विशेषज्ञ (डिप्लोमा)** |

पढ्ने समयः हप्ताको5 दिन(सोमबार～शुक्रबार)बिहान 9:30 देखि दिउँसो 2:40 सम्म　　भर्ना संख्या : 30 जना मात्र

जाडो बिदाः डिसेम्बरको मध्यबाट जनवरीको प्रारम्भ　　स्प्रीङ बिदाः फेब्रुअरीको मध्यबाट अप्रिलको प्रारम्भ

गर्मी बिदाः जुलाईको मध्यबाट सेप्टेम्बरको प्रारम्भसम्म

## 2. प्रवेश योग्यता : निम्न लिखित 3 अवस्थाहरु पूरा गर्ने व्यक्ति

क) नेपालमा नियमित पाठ्यक्रमद्वारा आधारभूत 12 कक्षा वा सोभन्दा बढीको शैक्षिक योग्यता भएको व्यक्ति ।

ख) भाषा शिक्षा संघद्वारा मान्यता प्राप्त कम्तिमा 6 महिना जापानिज भाषा शिक्षा पुरा गरेको ,संस्था वा विद्यालयको माग अनुसार 1 वर्ष जापानिज भाषा शिक्षा पुरा गरेको व्यक्ति ।

ग) शिक्षण तथा दैनिक उपभोगको लागि पर्याप्त खर्च भएका व्यक्ति ।

## 3. भर्ना फाराम बुझाउने अवधि

**2019/5/7 (मंगलबार) देखि 2019/8/30 (शुक्रबार) सम्म । कार्यलय समय : सोमबारदेखि शनिबार बिहान 9:30 बजेबाट साँझ 5:00 बजेसम्म ।**

**※ भर्ना संख्या  पूरा भएपछि फारम बन्द गरिनेछ ।**

## 4. भर्नाका लागि आवश्यक कागजातहरु

**क) आवेदन फाराम** (फोटो 2 प्रति (एउटा फाराममा टाँस्ने ठाडो 4 से.मी. तेर्सो 3 से.मी)

**ख**) जापानी भाषा विद्यालयको **उपस्थिति प्रमाण पत्र, ट्रान्सक्रिप्ट, स्नातक सम्भावना प्रमाणपत्र** ।

**ग**) नेपालमा गरिएको अन्तिम (**स्नातक** ) **शैक्षिक प्रमाण पत्र, ट्रान्सक्रिप्टको सक्कल र नक्कल** दुवै आवश्यक पर्नेछ ।

**घ) पासपोट ,एलियन (जाइरियु) कार्ड, र राष्ट्रिय स्वास्थ्य बीमा कार्ड (सक्कल तथा नक्कल** दुवै) ।

ङ) **वित्तीय स्थिति (Financial Status)** रेकर्ड ,**व्यक्तिगत नाम मा भएको बैंक खाताका सम्पूर्ण विवरणहरु (सक्कल र नक्कल दुवै)**

च) **कराघान प्रमाणपत्र / खाजेइस्योउमेइस्यो (सक्कल)**

## 5. छनौट/चयन विधि

पेश गर्नुभएका कागजपत्रहरु, विद्यालयको आन्तरिक परीक्षा (जापानिज भाषा योग्यता-N2 बराबर) साथै अन्तरवार्ताको आधारमा छनौट गरिनेछ । (**परिक्षा निशुल्क गराइनेछ**)  परिणामको घोषणा पत्र मार्फत जानकारी गराइनेछ ।

## 6. भर्नासम्बन्धी

उत्तीर्ण भएको जानकारी प्राप्त भएपछि शिक्षण शुल्क तल उल्लेख गरिएको समयमा भुक्तान गर्नुपर्नेछ ।

## 7. शिक्षण शुल्क

| | पहिलो वर्षको शिक्षण शुल्क | | दोस्रो वर्षको शिक्षण शुल्क |
|---|---|---|---|
| | 1 पटकमा पूरा भुक्तान गरेको खण्डमा | (3 पटक) विभाजन भूक्तान गरेको खण्डमा | |
| प्रवेश शुल्क | ¥200,000 | ¥200,000 | 0 |
| शिक्षण शुल्क (शिक्षण सामाग्री लागत सहित) | ¥680,000 | ¥680,000 | ¥680,000 |
| सुविधा शुल्क | ¥200,000 | ¥200,000 | ¥200,000 |
| उप-कुल | ¥1,080,000 | ¥1,080,000 | ¥880,000 |
| पूरा रकम भूक्तान गर्नेलाई छुट | －¥200,000 | －¥150,000 | 0 |
| कूल विद्यालय शुल्क | ¥880,000 | ¥930,000 | ¥880,000 |

क) **1 पटकमा पूरा भुक्तान गर्ने सम्बन्धमा :** उत्तीर्ण भएपछि तोकिएको समयमा **¥880,000** भुक्तान गर्नुपर्नेछ । शिक्षण शुल्क भुक्तान भएपछि विद्यार्थीलाई **भर्ना स्वीकृति पत्र / प्रवेश सूचना पत्र** उपलब्ध गराइनेछ ।

ख) 3 पटकमा विभाजन भूक्तानी (**¥930,000**) उल्लेख गरिएको समयावधि भित्र भूक्तान गर्नुपर्नेछ ।

- पहिलो भूक्तानी : **¥ 300,000** उत्तीर्ण भएपछि दिइएको समयावधि भित्र भूक्तान गर्ने ।
- दोस्रो भूक्तानी : **¥ 300,000** 2019/8/30 (शुक्रबार) सम्म भूक्तान गर्नुपर्ने । दोस्रो भूक्तानी पूरा भएपछि मात्र विद्यार्थीलाई **भर्ना स्वीकृति पत्र / प्रवेश सूचना पत्र** पठाइनेछ ।
- तेस्रो भूक्तानी : **¥ 330,000** 2020/2/5 (बुधबार) सम्म भूक्तान गर्नुपर्ने ।

ग) जापानिज भाषा योग्यता (**JLPT**) N1 को प्रमाणपत्र प्राप्त गर्नुहुनेले प्रथम वर्षको विद्यालय शुल्कमा **¥100,000** छुट प्राप्त गर्नुहुनेछ ।

घ) दोस्रो वर्षको सम्पूर्ण शिक्षण शुल्क **2020/9/7 (सोमबार)** सम्म भूक्तान गर्नुपर्नेछ ।

. ङ) भर्ना रद्द गर्ने सम्बन्धमा

भर्ना वा प्रवेश प्रकिया पछि कुनै कारणवश विद्यालय छोड्न वा भर्ना रद्द गर्न चाहेमा 2019/9/30 (सोमबार) सम्म जानकारी गराउनुहोला । तोकिएको समयावधि भित्र जानकारी गराइएको खण्डमा 「18文科高第536号」 का अनुसार प्रवेश शुल्क बाहेक बाँकी रहेको शिक्षण शुल्क फिर्ता गराइनेछ ।2019/10/1 (मंगलबार) पछि कुनैपनि रकम फिर्ता हुनेछैन ।

## 8. उत्कृष्ट छात्रवृत्ति

उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गर्नुहुने विद्यार्थीलाई निम्न बमोजिमको छात्रवृत्तिको अवसर प्रदान गरिनेछ ।

क) शैक्षिक रेकर्ड/उपलब्धि उत्कृष्ट हुने विद्यार्थीले, जापान विद्यार्थी सेवा संगठनले आयोजना गरेको(JASSO) छात्रवृत्ति प्राप्त गर्ने अवसर ।

ख) पहिलो वर्षको शैक्षिक उपलब्धि उत्कृष्ट हुने विद्यार्थीलाई दोस्रो वर्षमा (NSB) छात्रवृत्ति प्रदान गरिने सम्भावना ।

**नाकानो स्कुल ओफ बिजनेस**
**सम्पर्क :**0422-48-2004